# ४ आत्मिक पुनर्जागरणको फलः आत्मपरिवर्तनको साक्षी र सेवाकार्य

*यस अध्यायमा पढिने बाइबलका मूल पदहरूः* मत्ती २८:१९,२०, यूहन्ना २०:२१, प्रेरित २, प्रेरित २२:१-१४, यूहन्ना ६:१-११, प्रेरित ८:२६-३८।

***कण्ठ गर्नुपर्ने पदः*** "'जब तिमीहरूमा पवित्र आत्मा खनिनेछ तब तिमीहरूले शक्ति पाउनेछौ। अनि तिमीहरू यरुशलेममा मेरो निम्ति साक्षी बक्नेछौ। त्यहाँबाट सबै यहूदीया र सामरिया प्रान्तहरूमा मेरो बारेमा प्रचार गर्न सामर्थी हुनेछौ। अनि त्यहाँबाट संसारको एक कुनादेखि अर्को कुनासम्म मेरो बारेमा गवाही दिनेछौ।'" (प्रेरित १:८ रूपान्तरित)।

आत्मिक पुनर्जागरणको लक्ष्य के हो त? त्यो हो, हाम्रो हृदयमा येशूप्रतिको प्रेमले यस्तरि भर्नु हो ताकि त्यो प्रेमलाई अरूको अगाडि बाँड्न हरदम इच्छुक र उत्साहित भएर बस्नेछौं। सहि आत्मिक पुनर्जागरणमा हामीप्रति परमेश्वरको भलो, दया, क्षमाशीलता र शक्तिलाई जागृत बनाउँछन्। हामीहरूको जीवन उहाँको प्रेमले यस्तरी छोएको हुन्छ कि हामीहरू उहाँको अनुग्रहबाट आत्मिक रूपमा परिवर्तन हुन्छौं। उहाँको प्रेमले हामीहरूको जीवनलाई उकुसमुकुस यस्तरी पारिरहेको हुन्छ कि अरूलाई नभनी चुपचाप बस्नै सक्दैनौं।

आत्मिक पूनर्जागरण भनेको केवल आत्मिक रूपमा भावविभोर भएर क्षणिक समयको निम्ति उत्तेजित हुनु हो भने त्यो गलत हो भनेर सोच्नुपर्दछ। यदि हामीमा आत्मिक पुनर्जागरण भएर अरूप्रति आलोचात्मक भएर अरू भन्दा आफू धर्मी छु भन्ने भावनालाई जरो बसाल्ने हो भने त्यो पुनर्जागरण स्वर्गबाट आएको हो भन्नु हुँदैन। अरूको दोष पहिल्याउन हामीहरूमा आत्मिक परिवर्तन ल्याउने होइन। बाहिरी रूपमा केवल आचरणमा मात्र परिवर्तन ल्याउने तर हृदयलाई परिवर्तन नगर्ने हो भने त्यो आत्मिक जागरण सही हुँन्छ भनेर हामी भन्न सक्दैनौं।

पहिला हृदयलाई परिवर्तन गरेपछि मात्र हामीहरूको क्रियाकलापमा परिवर्तन गर्न त्यसले अगुवाई गर्दछ। सत्य वा सही आत्मिक पुनर्जागरणले अरूबाट आत्मसम्मान खोज्दैन । सही पुनर्जागृत

भएको मानिसमा अध्यात्मिक अहँकार हुँदैन न त त्यसले स्वार्थपनालाई अग्रसर गराउँछ। बरू सही आत्मिक पुनर्जागरणले परिचालित भएको व्यक्तिलाई निस्वार्थताले अगुवाई गरिरहेको हुन्छ। जब हामीहरूको हृदयलाई परमेश्वरको अनुग्रहले पुनर्जीवन पार्दछ तब हृदयदेखि नै अरूको भलो गर्न उत्साहित हुन्छौं। अरूको आवश्यकतामा सेवा गर्न सरिक हुन उत्सुक हुन्छौं। अरूलाई आशिष दिने मनस्थितिमा डुव्दछौं। कोही पनि इसाईमा सही वा सत्य आत्मिक पुनर्जारण हुन्छ भने प्रभुको सेवाकार्य र अरूको सेवा गर्न ऊ हरदम अग्रसर भइरहेको हुन्छ।

## १. येशूको अन्तिम निर्देशन र प्रतिज्ञा (मत्ती २८:१९,२०)

चर्चलाई जन्माएर आफै हुर्कियोस् भनेर येशूले आफ्नो चर्चलाई सुरू गर्नु भएन। चर्चको उद्देश्य के हो भनेर येशूले आफ्नो अन्तिम वचनहरूमा व्यक्त गर्नुभएको छ। विश्वभरी उहाँको चर्च फैलियोस् भन्ने ख्रीष्टको योजना हो। उहाँको प्रेमको ज्योति र सुसमाचारको सन्देश सारा संसारलाई बाँडियोस् भनेर उहाँले चर्चलाई स्थापना गर्नुभएको हो।

येशूको दिलैदेखि चर्चप्रति उहाँको चाहना के रहेछ भनेर देहायका पदहरू पढौंः **मत्ती २८:१९,२०,** " यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मर्कूस १६:१५, " १५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।"

**लूका २४:४५-४९,** "तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" **यूहन्ना २०:२१,** " २१ तब येशूले फेरि तिनीहरूलाई

भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।"

खीष्ट स्वर्गमा जानुभएपछि उहाँको चर्च संसारको निम्ति उहाँको प्रेम र अनुग्रहको अनुकरणीय उदाहरण हुन उहाँले अपेक्षा गर्नुभएको पाइन्छ। प्रत्येक चेलाको मीशन वा लक्ष्य त्यही थियो। सबैलाई बाँड्न तिनीहरूसँग सन्देश थियो। तिनीहरूलाई खीष्टले एउटा कामको अभिभारा सुम्पिनु भएको थियो। त्यो थियो, उहाँले थालनी गर्नु भएको कामलाई निरन्तरता दिनु।

"मानिसहरूको मुक्तिको निम्ति परमेश्वरले उहाँको चर्च वा मण्डलीलाई औजारको रूपमा चुन्नु भएको छ। सेवाकार्यको निम्ति त्यो सुरू भएको थियो। त्यसको मूल उद्देष्य भनेकै सारा संसारमा सुसमाचार फैलाउनु हो। सारा संसारको सामु उहाँको प्रेम र शक्तिलाई प्रतिविम्ब गरून् भनेर सुरूदेखि नै उहाँले चर्चलाई स्थापना गर्नुभएको थियो। अन्धकारबाट अचम्मको ज्योतिमा आउन परमेश्वरले चर्चका सदस्यहरूलाई बोलाउनु भएको थियो। चर्चद्वारा नै उहाँको महिमा देखाउन उहाँ चाहनुहुन्छ। चर्च त्यो बैंक हो जहाँ खीष्टको अनुग्रहका धनसम्पत्तीहरू थुप्रिएका हुन्छन्। सारा स्वर्ग वा जगतमा र पृथ्वीमा परमेश्वरको प्रेमको पूर्णता देखाउने अभिभारा चर्चलाई सुम्पिएको छ (एफिसी ३:१०)"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ९बाट रूपान्तरित।

संसारमा जन्मेका प्रत्येक मानिसहरूले मुक्ति पाउन् भन्ने येशूको सबभन्दा ठूलो चाहना हो। मुक्तिदाताको चाहना के थियो भनेर येशूका प्रखर भक्त वा प्रेरित पावलले आफ्नो युवा मित्र तिमोथीलाई पत्रद्वारा यसरी स्पष्ट पार्दछन्, " ४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। ५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ– मानिस, खीष्ट येशू। ६ उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो। ७ यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरूका निम्ति चाहिँ शिक्षक। म साँचो भन्दछु, म ढाँट्दिनँ।" १ तिमोथी २:४-७। हाम्रो प्रभु कस्तो हुनुहुन्छ भनेर प्रेरित पत्रुसले यो पनि भन्दछन्, " आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ

भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।" २ पत्रुस ३:९।

येशूमा तपाईंले पाउनुभएको मुक्तिको सुसमाचार अरूलाई पनि बाँड्न तपाईं इच्छुक हुनुभएको छ भनेर तपाईंको जीवनले कसरी बताइरहेको छ? अथवा देखाइरहेको छ की? आत्मआलोचना गरेर त्यस जिज्ञासालाई सोच्नुहोस्। सुसमाचार सुनाउनु कत्तिको महत्त्वपूर्ण तपाँईले ठान्नुभएको छ कि छैन भनेर त्यसको जवाफले देखाउँदछ।

## २. येशूले गर्नुभएको प्रतिज्ञालाई पाउनु (प्रेरित २)

येशूको सानो झुण्ड चेलाहरूको निम्ति सारा संसारमा गएर परमेश्वरको प्रेम र सत्यको सन्देशलाई फैलाउनु त्यसबेला असम्भव देखिन्थ्यो। त्यो असम्भव हामीले पनि महशुस गर्दछौं। त्यस्तो ठूलो अभिभारा बोक्नु अत्यन्त गाऱ्हो भएको ठान्नु स्वभाविकै हो। त्यसबेला चेलाहरू ओहोरदोहोर गर्न सकिने प्रथम् शताव्धी रोमी साम्राज्यमा त्यसको जनशंख्या करिब छ कि सात करोड थियो। यहूदीहरूको चाड पेन्टिकोस्टको समयमा एक सय बिस जना येशूभक्तहरू एउटा माथिको कोठामा जम्मा भएका थिए भनेर प्रेरित पहिलो अध्यायमा २ लेखिएको छ। त्यसको अर्थ त्यस वखतको रोमी साम्राज्यको संसारमा प्रत्येक ५००,००० देखि ५८०,०००को जनशंख्यामा एक जना इसाई थियो। त्यस परिप्रेक्ष्यमा सारा संसारमा सुसमाचार फैलाउ भन्ने येशूको निर्देशन असम्भव देखिनुमा अचम्म थिएन।

जब येशूको निर्देशन अनुसार उहाँका पुरुष र महिला चेलाहरू प्रार्थनामा तल्लिन भएका थिए तब पवित्र आत्मा जीब्रो जस्तै आगोझैं तिनीहरूमाथि खनियो र तिनीहरू रहेको घर हल्लियो। तिनीहरूको प्रार्थनाका लवजहरू बाहिर सुनेर बसेका विश्वका हजारौं यहूदी व्यापारी र तिर्थ यात्रीहरूले आआफ्नै भाषामा सुने। तिनीहरू अचम्म मानीरहेको बेलामा पत्रूस, येशूका चेलाहरूको प्रवक्ता बनेर उहाँको महिमाबारे सम्बोधन गरे। येशूको बारेमा सुनेपछि त्यहाँ ठूलो हलचल भयो। यसको बारेमा पूर्ण विवरण प्रेरित २ अध्याय पढ्नुहोस्।

हो, त्यसबेला जुन् घट्ना भयो त्यसको नतिजा गजबको थियो। इसाई चर्च विस्फोटक भएर बढियो। दसौं हजार मानिसहरूले येशूलाई

ग्रहण गरे। तिनीहरूको आत्मपरिवर्तन प्रभावशाली थियो। रोमी साम्राज्यको कुना कुनामा तिनीहरूले येशूको प्रेमको कहानी बोकेर गए।

आधुनिक टर्कीको उत्तरी समुद्रको ततमा रहेको रोमी साम्रज्यको प्रान्त बिथनिया थियो। त्यस प्रान्तको वडा हाकिम प्लिनी थियो, जो युवक नै थियो। ईस्वी सन् ११०मा उनले रोमी सम्राट ट्राजनलाई पत्र लेखेको थियो। त्यसबेला इसाईहरूमाथि ठूलो सतावट थियो। तिनीहरूलाई मार्न रोमी सम्राटले उर्दी दिएको थियो। त्यहि परिवेशमा उनको पत्रमा इसाईहरूलाई सखाप पार्न उनलाई कस्तो गाऱ्हो भइरहेको थियो भनेर यसरी लेख्दछः "समय समयमा प्रत्येक सामाजिक वर्गका इसाईहरूलाई समातेर तिनीहरूको विरुद्धमा मुद्दा चलाइन्थ्यो। ती इसाईहरूमा पुरुष र महिला दुवै थिए। त्यस झुठा आस्था (इसाई)को संक्रमणमा कुनै शहर र गाउँ पनि बचेको देखिएन। खेतीपाटी गर्ने ठाउँहरूमा समेत तिनीहरूले आफ्ना विश्वासद्वारा आक्रमण गरिएको पाइयो।"

त्यस रोमी वडा हाकिमको यो भनाई अत्यन्त रोचक मान्नुपर्दछ। येशू मर्नुभएको केहि पुस्ताभित्रै अत्यन्त टाढा टाढाका ठाउँहरूमा इसाई सन्देश पुगेको थियो भनेर देखाउँछ, त्यो पनि समाजका सबै वर्गहरूमा सुसमाचारको सन्देश पुगेको थियो रे!

टर्टुलियन भन्ने एक जना रोमी वकिल थियो। उनी लेखक पनि थियो र इसाई पनि भएको थियो। ईश्वी सन् २००मा उनले गौरबका साथ इसाईको पक्षमा रोमी हाकिमहरूलाई यसरी लेखेका थिएः "प्रायजसो सबै शहरका नागरिकहरू इसाई भइसकेकाछन्।"

येशू प्रभुतिर बफादारी भएर साक्षी बोक्न अभिभारा बोकेका येशूभक्तहरूको कथाले प्रेरितको पुस्तक भरिएको छ। परमेश्वरमाथि विश्वासमा अडिग भएर बस्दा चर्चमा नव जागरण अर्थात् पुन जागृत कसरी हुन्छ भनेर त्यस पुस्तकले खुलासा गरेको छ। आत्मिक नव जागरणले सधैं परमेश्वरको निम्ति साक्षी बक्न भावात्मक रूपमै जोश ल्याउँदछ। त्यो जोश क्षणिकको नभएर बलियो र निरन्तरको हुन्छ। जब कोही आत्मिक परिवर्तनको अनुभवमा आफ्नो जीवन ढाल्दछ तब अरूलाई त्यसको बारेमा बाँडन् स्वभाविकै रूपमा सक्षम् हुन्छ। आखिरमा येशूले उहाँका चेलाहरूलाई भन्नुभएको थियो 'मेरो पछि लाग, र तिमीहरूलाई मानिसहरूको मछुवा बनाउनेछु।'" (मत्ती ४:१९)। जति

नजिक हामी येशूलाई पछ्याउँछौं त्यत्ति नजिक जसप्रति उहाँले चासो राख्नुहुन्छ त्यसप्रति हामी पनि चासो राख्दछौं। येशूको प्रेमको बारेमा अरूलाई भन्न हामीलाई चासो छैन भने त्यसको अर्थ हामी उहाँसँग त्यत्तिको नजिक छैनौं भनेर प्रमाणित गर्दछ। त्यसले हाम्रो आत्मिक जीवनमा व्यक्तिगत रूपमा पुनर्जागरणको आवश्यकता भएको देखाउँदछ।

## ३. व्यक्तिगत साक्षीको प्रभावकारिता (प्रेरित २२:१-१४)

उत्साहहीन वा मनलाई चिसो राख्ने धार्मिक सेवाकार्यले कसैको मन जित्न सक्दैन। चर्चमा आउँदा मानिसहरूले न्यानोपनको अनुभव गर्न सक्दैन भने त्यस चर्चमा गरिने सेवाकार्यले मानिसको मनलाई बदलिन सक्दैन। तिनीहरू आत्मिक रूपमा रित्त भएको महशुस गर्दछन्। त्यसरी नै बाइबलका विद्याहरू जान्यो भन्दैमा मानिसहरूको मन परिवर्तन हुनसक्छ भन्ने छैन। सुसमाचारको सन्देशले मानिसहरूको जीवन परिवर्तन भएकोले नै नयाँ करारमा देखाएका विश्वासीहरूको साक्षी प्रभावकारी भएको थियो। ती विश्वासीहरूको केवल चोला परिवर्तनले मात्र होइन तिनीहरूको आचरणले नै तिनीहरू हृदयदेखि परिवर्तन भएको थियो भनेर देखाएका थिए। चेलाहरू देखावटी रूपमा अरूलाई मख्ख पार्न क्रियाशील भएका थिएनन्। जीवित येशूसँगको अनुभवमा तिनीहरू बदलिएको थियो। त्यसको फलस्वरूप अरूलाई येशूको बारेमा सुनाउन उत्सुक भएकोले तिनीहरू चुप लागेर बस्न सकेको थिएन।

येशूको खुँखार विरोधी पावल पनि आत्मपरिवर्तन भएपछि उहाँको बारेमा प्रचार गर्न अत्यन्त जोशिलो भएका थिए। त्यसैगरि येशूका युवा चेला यूहन्ना पनि उहाँलाई चिनेपछि उहाँको बारेमा सुनाउन पछि परेका थिएनन्। तिनीहरूको साक्षीको केहि वृतान्त देहायका पदहरूमा दिएका छन्। हेर्नुहोस्ः

प्रेरित २२:१-१६, "१ "दाजुभाइ तथा बुबाहरू हो, तपाईंहरूको अगाडि मैले मेरो पक्षमा भन्नुपर्ने कुरा अब सुन्नुहोस्।" २ पावलले हिब्रू भाषामा बोलेको सुनेर सबै मानिसहरू चुपचाप लागे। ३ पावलले भने, "म किलिकियाको टार्सस सहरमा जन्मिएको यहूदी हुँ, तर म यही यरूशलेम सहरमा हुर्केर गुरु गमलियलको चरणमा हुर्किएँ। हाम्रा पिता-पुर्खादेखि नै मान्दै आएको धर्मशास्त्रको शिक्षा मैले राम्रोसँग सिकेको छु। आज तपाईंहरूले परमेश्वरप्रति जति उत्साह देखाउनुभएको छ, मैले

पनि त्यत्तिकै उत्साह देखाएको थिएँ। ४ मैले मुक्तिको बाटोमा लागेका मानिसहरूलाई मर्नेसम्म गरी सताएको थिएँ। मैले पुरुष र स्त्रीहरूलाई पक्रेर थुन्न लगाएको थिएँ। ५ यी मैले भनेका कुरा साँचो हुन् भनेर प्रधान पूजाहारी र हाम्रो महासभाका सदस्यहरूले पनि भन्न सक्नुहुन्छ। उहाँहरूले नै मलाई दमस्कसमा हुने यहूदी दाजुभाइहरूको नाउँमा पत्र दिनुभयो र त्यस पत्रमा मलाई प्रभु येशूमा विश्वास गर्ने जनहरूलाई पक्रिने अधिकार मिलेको थियो। यसैकारण तिनीहरूलाई यरूशलेममा ल्याएर सजाय दिने उद्देश्यले म दमस्कस गएँ। ६ "दमस्कसनेर पुग्न लाग्दा मध्यदिन भएको थियो। त्यसै बेला आकाशबाट एक्कासि अति नै चहकिलो उज्यालो ममाथि चम्कियो। ७ म भूइँमा ढलें। त्यति नै खेर मैले यसो भनेको एउटा आवाज सुनें, 'शाऊल, ए शाऊल तिमी मलाई किन सताउँछौ?' ८ मैले भनें, 'प्रभु! तपाईं को हुनुहुन्छ?' प्रभुले भन्नुभयो, 'म नासरतको येशू हुँ, जसलाई तिमीले सताउँदै छौ'। ९ मसँग हुनेहरूले उज्यालोलाई त देखे, तर आवाजलाई चाहिँ सुनेनन्। १० मैले भनें, 'हे प्रभु, अब म के गरूँ? प्रभुले मलाई भन्नुभयो, 'उठेर दमस्कस सहरमा जाऊ, परमेश्वरले तिमीलाई खटाउनुभएको कामहरूको बारे तिमीलाई त्यहीं नै बताइनेछ'। ११ त्यस चहकिलो उज्यालोले गर्दा म अन्धो भएको थिएँ अनि मेरा साथीहरूले मलाई डोऱ्याएर दमस्कस पुऱ्याए। १२ "त्यस सहरमा हननिया नाउँ भएका एक जना मानिस बस्थे। उनी मोशाले दिएका व्यवस्था पालन गर्ने धर्मी मानिस थिए र दमस्कसमा बस्ने यहूदीहरू सबैले उनलाई मान-इज्जत गर्थे। १३ तिनै मानिसले मकहाँ आएर मेरो छेउमा उभिएर भने, 'शाऊल भाइ, फेरि देख्ने होऊ'। तिनले यसो भन्नेबित्तिकै म आँखा देख्ने भएँ। १४ त्यसपछि उनले मलाई भने, 'तिमीले हाम्रा पुर्खाका परमेश्वरको इच्छा जान्न सक भनेर नै उहाँले तिमीलाई चुन्नुभएको छ। तिमीले धर्मी सेवक येशूलाई देख्न पायौ र उहाँको मुखबाट बोलिएको कुरालाई सुन्न पायौ! १५ किनभने तिमीले उहाँको साक्षी भएर आफूले देखेका र सुनेका कुरा सबै मानिसहरूको अगाडि सुनाउनुपर्नेछ। १६ त्यसो हुँदा अब किन ढीलो गर्ने? उठ र बप्तिस्मा लेऊ अनि येशूको नाउँ लिएर आफ्नो पापदेखि शुद्ध होऊ'।"

फिलिप्पी ३:१-९, “आखिरमा दाजुभाइहरू, प्रभुको आनन्द तिमीहरूमा रहोस्। मैले नै लेखिसकेको कुरा घरीघरी दोहोऱ्याएर लेख्न झिंजो मान्दिनँ, यसले तिमीहरूलाई राम्रै गर्छ। २ कुकुरले जस्तै झगडा गर्नेहरू, खराब काम गर्नेहरू र शरीरमा खतना लाउनेहरूबाट जोगिएर बस। ३ साँचो खतना लाउने त हामीहरू पो हौं किनभने हामी त परमेश्वरलाई पवित्र आत्माले पुज्छौं अनि ख्रीष्ट येशूमा हामी घमण्ड गर्छौं। हामी कुनै बाहिरी रीतिथितिमा भरोसा राख्तैनौं। ४ बाहिरी कुरामा भरोसा राख्ने भए म सबैभन्दा बढी भरोसा राख्न सक्नेथिएँ ५ किनभने मलाई त जन्मेको आठ दिनमा नै खतना लगाइदिएको थियो। जन्मले नै भन्ने हो भने म बेन्यामीन कुलको इस्राएली हुँ। म झर्रा हिब्रू हुँ। व्यवस्था मान्नेहरूमा म फरिसी थिएँ। ६ जोशिलो भएर मैले ख्रीष्टका मण्डलीको खेदो गरें। व्यवस्था मानेर परमेश्वरको अघि ठीक हुनेभए म ठीक थिएँ। ७ तर त्यस बेला मैले आफ्नो निम्ति लाभदायक सम्झेका सबै कुरा अब ख्रीष्टको निम्ति त व्यर्थै ठान्छु। ८ यति मात्र होइन, येशू ख्रीष्ट मेरा प्रभु हुन् भन्ने अति बहुमूल्य ज्ञान पाएर अरू सब कुरा व्यर्थको ठान्छु। उहाँकै निम्ति मैले सबै कुरा त्यागिदिएको छु र उहाँलाई पाऊँ भनेर मैले यी सबै कुरा कसिङ्गर सम्झेको छु ९ र उहाँमा नै लीन हुन चाहन्छु। व्यवस्था मानेर परमेश्वरको अघि ठीक ठहरिने मेरो आफ्नै धार्मिकता छैन। तर अब त परमेश्वरले नै मलाई ख्रीष्टमा विश्वास गरेकोले ठीक ठहराउनुहुन्छ। यो धार्मिकता विश्वासमा अडेको छ।" **१ यूहन्ना** १:१-४, “सुरुदेखि नै भएका, हामीले नै सुनेका अनि आफ्नै आँखाले देखेका अनि नियालेर हेरेका र आफ्नै हातले छामेका जीवनको वचनको विषयमा हामी लेख्दै छौं। २ जब यो जीवन प्रकट भयो, हामीले देख्यौं र साक्षी दिन्छौं अनि तिमीहरूलाई पनि भन्छौं, यो अनन्त जीवन पितासँग थियो र हामीकहाँ प्रकट भयो। ३ तिमीहरू पनि हामीसँग सङ्गति गर भनेर नै हामीले जे देखेका र सुनेका छौं, त्यो तिमीहरूलाई प्रचार गर्दछौं। हाम्रो संगतिचाहिँ परमेश्वर पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। ४ हाम्रो आनन्द पूरा होस् भनेर नै हामी यो लेख्दै छौं।"

**पेन्टिकोस्टको दिनमा जुन घट्ना भयो त्यसले येशूका तत्कालिन् सबै पुरुष र महिला चेलाहरूमा भारी परिवर्तन भएको थियो। केहि यस्तो तत्वको संयन्त्रणमा आफूलाई पार्न तिनीहरू राजी भए जसले गर्दा पवित्र**

आत्माले तिनीहरूबाट केहि काम गर्न वातावरण बन्न सक्यो। तिनीहरूको जीवनबाट पवित्र आत्माको जोश यसरी बग्यो कि त्यसले अरूहरूको जीवनमा पनि परिवर्तनको लहर फैलाउन प्रेरणा मिल्यो।

येशूले यसरी प्रकट गर्नुहुन्छः "'के कसैले मलाई विश्वास गर्दछ? यदि गर्दछ भने पवित्र धर्मशास्त्रले भनेकै अनुसार तिनीहरूकै जीवनभित्रबाट जीवित पानीको खोला वग्नेछ।'"(यूहन्ना ७:३८ रूपान्तरित)। विश्वास वा आस्था राख्ने भन्ने शव्दको जड ग्रीक वा युनानी भाषाको पिस्टिस (**pistis**) हो। त्यसको अर्थ हल्का रूपमा ख्रीष्टलाई विश्वास गर्नुमात्र होइन न त उहाँलाई कुनै आवेशमा आएर झट्ट स्वीकार गर्नुमात्र हो। तर त्यो यस्तो विश्वास हो जुन् कि चटानमा बनिएको मजबूत घर जस्तै हो। सम्पूर्ण कुरामा परमेश्वरलाई भरोसा राख्नु नै त्यो विश्वासको अर्थ हो। त्यस्ता खालका विश्वासले अत्यन्त प्रभावकारी र जीवनलाई परिवर्तन गरिरहने ख्रीष्टमाथि आस्था राख्न अग्रसर गराउँछ। त्यसकारण जसरी येशूले व्यक्त गर्नुभएको माथिको पदको बारेमा सोच्दछौं तब हामीले यो सम्झनु पर्दछ कि सारा मानव जातको पापको निम्ति ख्रीष्टले आफ्नो जीवन क्रुसमा पोखाउनु भयो। जब येशूमाथिको प्रेमले ओटप्रोट गरि हाम्रो अध्यात्मिक जीवनका चाहनालाई संतुष्टी पार्दछ तब हामीहरूका वरिपरि रहने मानिसहरूको निम्ति हाम्रो हृदयबाट प्रेमको खोला वग्दछ। यूहन्ना ७:३८मा येशूले भन्नुभएको तात्पर्यको अर्थ त्यो हो।

"जब येशू हामीप्रति कतिवद्ध हुनुहुन्छ भनेर हामी स्वीकार्दछौं तब त्यसले सारा संसारको सामु ख्रीष्ट देखाउने स्वर्गको आकांक्षा पूरा गर्दछ। जसरी बाइबलको पौराणिक समयमा पवित्र मानिसहरूले संसारको सामु उहाँको अनुग्रहलाई थाहा दिएका थिए, त्यसरी नै हामीले पनि त्यस अनुग्रहलाई हाम्रा वरिपरि रहेकाहरूलाई थाहा दिन्छौं। मुखले भन्दा पनि हामीहरूको परिवर्तित जीवनले देखाउने साक्षीको प्रक्रिया अझ झन असल हुन्छ। जब परमेश्वरको क्रियाशील शक्तिलाई हाम्रो जीवनमा काम गर्न दिँछौं तब हामीले उहाँको निम्ति साक्षी बकिरहेका हुन्छौं।"-एलेन जी ह्वाइट, द दिजाएर अभ एजेज, पृ ३४७बाट रूपान्तरित।

कोही इसाई वा येशूभक्त उहाँको निम्ति प्रभावकारी साक्षी हुन चाहन्छ भने उहाँलाई व्यक्तिगत रूपमा उसले चिन्नु पर्दछ। येशूको प्रेमले भरिएको हृदयबाटले स्वभाविकै रूपमा उहाँको बारेमा साक्षी बकिरहन्छ।

पक्का येशूभक्तले अरूलाई उहाँको कहानी सुनाउन चाहन्छ भने उहाँसँगको व्यक्तिगत सम्बन्धमा आफूलाई पार्नुको विकल्प अरू छैन।

स्वामी येशूले तपाईंको जीवनमा कस्तो काम गर्नुभयो भनेर देखाउन तपाईंको व्यक्तिगत गवाही केही छ? येशूको बारेमा अरूलाई अझ राम्रोसँग भन्न तपाईं कसरी सिक्नुहुन्छ?

## ४. जब गवाही दिने आस्था हामीमा पल्हाउँछ तब त्यो आस्था वढदै जान्छ (यूहन्ना ६:१-११)

हाम्रो जीवनको निति शरीरलाई क्रियाशील बनाइ राख्ने हो। स्वस्थ रहन हामीहरूको शरीरले नियमित व्यायाम गरिरहनुपर्दछ। हामीहरूको शरीरका प्रत्येक अङ्ग, मांसपेशी, र नसाहरूलाई बलियो र अझ स्वस्थ पारिराख्न व्यायामको जरुरत पर्दछ। जब हामी नियमित रूपमा व्यायाम गर्दैनौं तब हामीहरूको शरीर कमजोर हुँदै जान्छ। अनि कसरत बिनाको जीवनले अनेक किसिमका रोगहरूलाई निम्त्याइ दिन्छ।

जब हामीले अरूलाई येशूको बारेमा गवाही दिने निति अपनाउँदैनौं तब हामीहरूको विश्वासलाई क्रियाशील बनाइ राखेका हुँदैनौं। हामीहरूको अध्यात्मिक जीवन कमजोर हुन्छ। हामीहरूको आस्थामा अनेकन् गलत विद्याका वाणहरूले आक्रमण गर्न वातावरण बन्दछ। " 'लिनु भन्दा पनि दिनु अत्यन्त उत्तम तथा आशिषमय हुन्छ'" (प्रेरित २०:३५ रूपान्तरित) भन्ने येशूको भनाइ हामीहरूको आत्मिक जीवनमा पनि त्यहि काम गर्दछ। जब अरूलाई हामीले परमेश्वरको वचन बाँड्छौं तब हामीहरूको आत्मिक जीवन पनि वढ्दछ। जति हामी येशूको प्रेमको गवाही दिन्छौं त्यत्ति उहाँमाथिको हाम्रो प्रेम बढ्दै जान्छ। अरूलाई हामीहरूको आस्था तथा विश्वासलाई बाँड्दा हामीहरूको विश्वास पनि बलियो हुँदै जान्छ।

एउटा बालकको रोटी र माछाले येशूले अचम्मको काम गर्नुभएको थियो। त्यसले हामीहरूको विश्वास अरूलाई बाँड्दा के हुन्छ भनेर सिकाउँछ। हेर्नुहोस् यूहन्ना ६:१-११, "त्यसपछि येशू गालीलको ताल तरेर पारिपट्टि जानुभयो। (त्यस काललाई तिबेरियासको ताल पनि भनिन्छ।) २ मानिसहरूको भीड उहाँको पछि-पछि लाग्यो किनभने उहाँले बिरामीहरूलाई अचम्म प्रकारले निको पार्नुभएको तिनीहरूले देखेका थिए। ३ अनि येशू एउटा डाँडामा उक्लेर चेलाहरूसँगै

बस्नुभयो। ४ त्यस बेला यहूदीहरूको निस्तार भन्ने चाड आउन लागेको थियो। ५ मानिसहरूको एउटा ठूलो भीड आफूतिर आइरहेको देखेर येशूले आफ्नो चेला फिलिपलाई सोध्नुभयो, "यी मानिसहरूलाई खुवाउन हामीले कहाँबाट रोटी किनेर ल्याउन सक्छौं?" ६ यो कुरा येशूले फिलिपको मन जाँच्न सोध्नुभएको थियो। उहाँले जे गर्न लाग्नुभएको थियो, त्यो कुरा उहाँलाई थाहा नै थियो। ७ फिलिपले भने, "यहाँ भएका हरेक मानिसलाई अलि-अलि मात्रै रोटी दियौं भने पनि हामीलाई दुई सय चाँदीका सिक्काले पनि पुग्नेछैन।" ८ येशूका अर्का एक जना चेला सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, ९ "हुन त, यहाँ एउटा केटासँग पाँच वटा जौका रोटी र दुई वटा माछा छन्, तर यति धेरै मान्छेलाई त्यतिले मात्र कहाँ पुग्थ्यो र?" १० येशूले चेलाहरूलाई भन्नुभयो, "मानिसहरूलाई बस्न लगाओ!" त्यहाँ ठूलो चउर थियो र मानिसहरू त्यहीं नै बसे। त्यस भीडमा पुरुष मात्रै जम्मा पाँच हजार जति थिए। ११ येशूले ती पाँच वटा रोटी लिएर परमेश्वरलाई धन्यवाद चढाउनुभयो र बसेका मानिसहरूले खाऊन् भनेर चेलाहरूलाई बाँड्न लगाउनुभयो। माछालाई पनि त्यसै गरी बाँड्न लगाउनुभयो। मानिसहरूले अघाउञ्जेल खाए।"

**जति हामी विश्वासलाई अरूको सामु बाँड्छौं त्यत्ति हाम्रो विश्वास वढ्छ। आत्मिक विश्वासीहरूको शंख्यात्मक वृद्धि हुने त्यो निति परमेश्वरको हो। यदि तपाईंले छर्नुभयो वा दिनुभयो भने तपाईंको विश्वास पनि फस्टाउँदै जान्छ। यदि तपाईंले, "मेरो विश्वास मेरो व्यक्तिगत हो। अरूलाई बाँड्न आवश्यक छैन" भन्ने मनस्थितिलाई टेवा दिइरहनुभयो भने तपाईंको विश्वास पनि कमजोर भएर जान्छ। जब हामीहरूलाई येशूको बारेमा भन्छौं तब उहाँले हाम्रो विश्वास बढाउनुहुन्छ। जतिसुकै हामीहरूको विश्वास सानो भएतापनि अरूलाई बाँड्दा त्यो विस्तारै हुर्कंदै जान्छ। जब हामी जीवनको रोटी जो येशू हुनुहुन्छ उहाँको निम्ति भोकाएकाहरूलाई बाँडछौं तब अचम्म तरिकाले हाम्रो आस्था पनि उहाँमा बढ्दै जान्छ। सुरूमा थोरै भएतापनि अन्तमा धेरै विश्वासमा हामी डुव्न थाल्दछौं।**

**बालकले आफ्नो खाजाको निम्ति ल्याएको केवल पाँच रोटी र दुईवटा येशूलाई दिइएको हुनाले त्यसले अचम्मको काम गरिएको थियो। त्यसले दिनभरी भोकाएका मानिसहरूको भोक मारेको थियो। त्यसबेला**

पुरुषहरू मात्र पाँच हजार थिए। येशूले खाना ख्वाइसक्नुभएपछि ती उब्रेका रोटी र माछाहरू बाह्रा डाला भरिएका थिए। सुरूमा पाँच वटा रोटी र दुईवटा माछा थिए भन्ने अन्तमा त्यो भन्दा ज्यादा भएका थिए।

येशूले नयाँ करारका चर्चलाई दिनुभएको शिक्षाहरू अत्यन्त स्पष्ट छन्। तिनीहरूलाई गलत ढँगमा लिनु त्यत्तिको सहज छैन। उहाँले भन्नुभयो, "तिमीहरूले सित्तैंमा पायौ सित्तैंमा देऊ।" (मत्ती १०:८ रूपान्तरित)। जब हामी येशूको निम्ति गवाही वक्दछौं तब हामीले एउटा कुरा सम्झनुपर्दछ। त्यो हो गवाही जुन सुमधुर हावा हो। त्यो आत्मिक पुनर्जागरणको झिल्कालाई फैलाउँदछ। त्यसले पेन्टिकोस्टको आगोको ज्वालालाई प्रज्वलित पार्दछ। जब विना बाइबल अध्ययन र प्रार्थना गरी आत्मिक पुनर्जागरण हुँदैन तब येशूको नाउँमा गवाही दिने र सेवाकार्य गर्ने ज्वाला पनि विस्तारै निभ्न जान्छ। अनि आगो बलेको कोइला छिट्टै चिसो भएर जान्छ।

त्यो कुरो साँच्चै हो, होइन त? जति हामी येशूको बारेमा अरूलाई गवाही दिन्छौं त्यत्ति हाम्रो विश्वास पनि वढ्छ। त्यस महत्त्वपूर्ण आत्मिक ज्ञानको तथ्यको बारेमा तपाईँको अनुभव कस्तो छ?

## ५. आत्मिक पुनर्जागरण, गवाही दिने प्रक्रिया र परमेश्वरको अगुवाई (प्रेरित ८:२६-३८)

नयाँ करारको थालनीमा इसाई आस्था जतातते फैलिएको थियो। त्यसको कारणले येशूमाथिको विश्वासमा द्रुतगतिमा फस्टाएको थियो। त्यसको विवरण अत्यन्त रोचक तथा रोमाञ्चित तरिकाले प्रेरितहरूको पुस्तकमा दिइएको छ। जब येशूको प्रेमले प्रेरित भएर चर्च चल्दछ तब उहाँका भक्तहरू कसरी परिचालित हुँदोरहेछ भन्ने ज्वलन्त उदाहरण प्रेरितको पुस्तकमा पाइन्छ। नियमित रूपमा परमेश्वरको अगुवाईको अनुभव चर्चमा भएको कसैले पढ्न चाहन्छ भने त्यो प्रेरितकै पुस्तकले दिन्दछ। सुरूका विश्वासीहरूको जीवनशैली नै येशूको निम्ति साक्षी वक्नुमा ढालिएको थियो।

"घर घरमा र मन्दिरको परिसरमा दिन दिनै (येशूका) चेलाहरूले उहाँको बारेमा सिकाउँदै रहे। येशू नै ख्रीष्ट अर्थात् परमेश्वरले अभिषेक गर्नुभएको व्यक्ति हुनुहुन्छ भन्ने सुसमाचार फैलाउन तिनीहरू कहिलै पनि रोकेनन् (प्रेरित ५:४२)। चर्चमाथि भएको आक्रमणले गर्दा सुसमाचार

**झन बढि फैलिएको थियो। येशूको बारेमा प्रचार गरिन्दा यरुशलेममा विश्वासीहरूलाई अत्यन्त सताएको थियो। त्यसको फलस्वरुप विश्वासीहरू यरुशलेमबाट भागाभाग हुनुपरेको थियो। आफ्नो देशबाट विस्थापित भएर अरू देशहरूमा जानुपर्दा तिनीहरू जहाँ जहाँ गयो त्यहाँ त्यहाँ येशूको बारेमा प्रचार गरिएको थियो भनेर प्रेरित ८:४मा उल्लेख गरिएको छ।**

**सुसमाचार प्रचार गर्ने क्रममा धेरै रोचक कथाहरू प्रेरितको पुस्तकमा उल्लेख गरिएको क्रममा येशूका चेला फिलिप र इथियोपिया देशको सरकारी खजान्चीको कथा अत्यन्त गजबको छ।**

पवित्र आत्माको आवाज सुन्दा फिलिपलाई के भयो र उनले इथियोपिया देशको सरकारी खजान्चीलाई बाइबल अध्ययन कसरी दिएका थिए र त्यसको नतिजा के भयो भन्ने रोचक कथा प्रेरित ८:२६-४०मा जसरी प्रस्तुत गरिएको छ त्यसले आत्मिक पुनर्जागरण र गवाही दिनु भनेको के रहेछ हामीलाई कसरी सिकाउँछ हेर्नुहोस्: "२६ प्रभुका एउटा स्वर्गदूतले फिलिपलाई भने, "उठ र दक्षिणतिर गएर यरूशलेमबाट गाजातर्फ जाने उजाड-स्थानमा पर्ने बाटोमा जाऊ।" २७ फिलिप उठेर हिँडे। त्यति नै बेला इथियोपिया देशका एउटा नपुंसक त्यही बाटो भएर जाँदै थिए। उनी इथियोपिया देशकी महारानी कन्दाकीका ठूलो अख्तियार पाएको खजान्ची थिए। उनी यरूशलेममा गएर परमेश्वरलाई पुजेर घरतिर फर्किंदै थिए २८ र आफ्नो रथमा बसेर यशैया अगमवक्ताले लेखेको पुस्तक पढिरहेका थिए। २९ पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" ३० फिलिप दौडेर रथको नजिक पुगे र ती मानिसले यशैया अगमवक्ताले लेखेको पुस्तक पढिरहेको सुने। फिलिपले उनलाई सोधे, "हजुरले पढिरहनुभएका ती कुराहरू बुझ्नुहुन्छ?" ३१ "कसैले नबुझाइदिई मैले कसरी बुझ्ने?" ती मानिसले जवाफ दिए। उनले फिलिपलाई रथमा चढेर आफूसँगै बस्न बिन्ती गरे। ३२ ती नपुंसकले पढिरहेको धर्मशास्त्रको भाग यो थियो– उहाँ काट्न लगिने भेडाजस्तो हुनुहुन्थ्यो, ऊन काटिंदा चुप रहने भेडाजस्तै उहाँले आफ्नो मुखबाट कुनै शब्द निकाल्नुभएन। ३३ उहाँ यति होच्याइनुभयो कि उहाँले ठीक न्यायसम्म पनि पाउनुभएन अनि उहाँ पृथ्वीबाट लगिनुभयो र उहाँको सन्तानको बयान अब कसले गर्ला? ३४ यी नपुंसकले फिलिपलाई सोधे, "दया गरी मलाई बताउनुहोस्, यो कुरा अगमवक्ताले कसको बारेमा भन्नुभएको

हो? आफ्नै या अरू कसैको बारेमा?" ३५ अनि फिलिपले उनलाई धर्मशास्त्रको त्यही भागदेखि लिएर येशूबाट मुक्ति पाइन्छ भन्ने सुसमाचार सुनाए। ३६ बाटोमा जाँदाजाँदै तिनीहरू केही पानी भएको ठाउँमा आइपुगे। यी नपुंसकले फिलिपलाई भने, "यहाँ पानी रहेछ! के मलाई बप्तिस्मा लिन अब कुनै कुराले रोक्ला?" ३७ फिलिपले तिनलाई भने, "हृदयदेखि नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" "हो, येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनेर म विश्वास गर्छु," ती मानिसले जवाफ दिए। ३८ उनले रथ रोक्न लगाए र उनीहरू दुवै झरेर पानी भएको ठाउँमा गए र फिलिपले उनलाई बप्तिस्मा दिए। ३९ उनीहरू पानीबाट बाहिर निस्केपछि प्रभुको आत्माले फिलिपलाई समातेर लानुभयो र ती नपुंसकले फिलिपलाई फेरि देखेनन् अनि तिनी हर्षले गद्गद् भएर आफ्नो बाटो लागे। ४० उता फिलिपले आफैंलाई अश्दोद सहरमा पाए। तिनी कैसरिया सहर नपुगुञ्जेलसम्म सहर-सहर हुँदै सुसमाचार प्रचार गर्दै गए।"

**"परमेश्वरको ज्योति खोजिरहने व्यक्तिकहाँ फिलिपलाई पुऱ्याउन स्वर्गदूतले उनलाई अगुवाई गरेको थियो। अनि परमेश्वरको बारेमा खोजनिति गर्नेले सुसमाचार सुनेर ग्रहण गर्न तयार भएको थियो। जो येशूको महिमाको निम्ति काम गर्दछन्, आज पनि पवित्र आत्माले तिनीहरूको कदमहरूलाई अगुवाई गर्नुहुन्छ। तिनीहरूको जीब्रो र हृदयलाई शुद्ध पार्न र तिनीहरूलाई उदार बनाउन पवित्र आत्माले सघाइ रहनुहुन्छ। यरुशलेममा चाड मनाउन आएका इथियोपियाका सरकारी हाकिमलाई पवित्र आत्मा आफैले सिकाउन सक्नुहुन्थ्यो तर उहाँले फिलिपलाई प्रयोग गर्नुभयो। जुन काम मानिसहरूले आफ्ना मित्र जनहरूसँग गर्न सकिन्छ त्यो काम गर्ने योजना परमेश्वरको होइन। अर्थात् येशूभक्तले गर्न सक्ने कामलाई स्वर्गदूतलाई गराउने परमेश्वरको निति होइन।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १०९बाट रूपान्तरित।**

**आत्मिक पुनर्जागरणलाई क्रियाशील बनाउन तिन महत्त्वपूर्ण तत्वहरू छन। तिनीहरू हुनः (१) प्रार्थना (२) परमेश्वरको वचनको लगनशीलतासाथ अध्ययन, र (३) गवाही दिने जोश। यदि परमेश्वरका जनहरूले उहाँतिर गम्भिर भएर नजर राखियो भने, यदि तिनीहरूको दिमागमा उहाँको सत्य वचनले भरिदियो भने र परमेश्वरको प्रेम र**

सत्यको बारेमा अरूलाई गवाही दिन हृदयदेखि उत्सुक भयो भने निश्चय नै परमेश्वर तिनीहरूको माझमा काम गर्नुहुनेछ। मानिसहरूको सामु सत्यलाई पुऱ्याउन उहाँले असाधारण तथा असम्भव ढोकाहरू खोलिदिनु हुनेछ।

हृदयदेखि इमान्दारी भएर देहायका जिज्ञासाहरूलाई सोच्नुहोस्ः जब येशूको बारेमा अरूको सामु भन्ने अवसर मिले तपाईँ के गर्नुहुन्छ? के तपाईँ अरूको सामु येशूको इज्जत बढाउन राजी हुनुभएको छ? अथवा तपाईँले केहि बहाना बनाएर येशूलाई पन्छाउन खोज्नु भएको छ? तपाईँको जवाफले नै तपाईँको जीवनमा आत्मिक पुनर्जारण र सुधार वा काँचुली फेर्नुपर्न आवश्यकता भएको वा नभएको देखाउँदछ।

## उपसंहारः

थप जानकारीः "सत्यलाई जान्ने मानिसहरूको सामु सत्यलाई खोजी गर्नेहरूलाई ल्याउनु परमेश्वरको निति हो। अन्धकारमा रहिरहेका मानिसहरूलाई आफूले पाएको ज्योतिलाई फैलावस भन्ने परमेश्वरको योजना हो। जब येशूभक्तहरूले गवाही दिन्छन् तब तिनीहरूले परमेश्वरबाट ज्ञानबुद्धि पाउँदछ। गवाहीलाई परमेश्वरले सुसमाचार फैलाउने औजारको रूपमा प्रयोग गर्नुहुन्छ। गवाही सुन्नेहरूले गवाहीबाट प्रभावकारी रूपमा प्रभावित हुन्छ। गवाहीले नै नयाँ विश्वासीहरूको हृदय र दिमागलाई परिवर्तन पारिदिन्छ।"–एलेन जी ह्वाइट, *द आक्ट्स अभ आपोस्टल्स,* पृ. २३४बाट रूपान्तरित।

"हामीहरूको सहायताबिना परमेश्वरले मानिसहरूलाई उद्धार गर्ने उद्देष्य पूरा गर्न सक्नुहुन्थ्यो। तर यदि हामी येशूको जस्तो पवित्र चरित्रको निर्माण गर्न चाहन्छौं भने उहाँको काममा हामी सहभागी हुनै पर्दछ। अनि उहाँको आनन्दमा हामी प्रवेश गर्न सक्दछौं। उहाँको बलिले गर्दा मानिसहरू उद्धार भएको देख्न पाउँदा हामीलाई अत्यन्त आनन्द लाग्दछ। त्यसकारण मानिसहरूलाई मुक्ति उपलव्ध गराउन परमेश्वरको काममा हामी सहभागी हुनु एकदम जरूरी छ।"एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. १४२बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. यस अध्यायको मूल विषयवस्तु के हो? के तपाईंको जीवनमा केहि परिवर्तन गर्न परमेश्वरले तपाईंलाई आह्वान गरिरहनुभएको छ? के काम गर्न तपाईंलाई परमेश्वरले बोलाइरहनुभएको होला?

२. जति धेरै हामी हाम्रो विश्वासको बारेमा हामी गवाही दिन्छौं त्यति हाम्रो विश्वास पनि वढ्छ भन्ने अचम्मको आत्मिक सत्यलाई सोच्नुहोस्। त्यो किन सत्य होला? अरूलाई येशूको बारेमा सुनाउँदा आफ्नो विश्वास फस्ताउँछ भन्ने निति किन यथोचित देखिन्छ?

३. येशूको बारेमा तपाईंले के बराबर गवाही दिने गर्नुभएको छ? यदि छैन भने किन छैन, सोच्नुहोस्। के मानिसहरूले तपाईंलाई सुन्दैन भनेर डराउनु भएको हो? यदि हो भने येशूकै बारेमा सोच्नुहोस्। मानिसहरूले अक्सर गरेर येशूको कुरा सुनेर ग्रहण गर्न नचाहेको र उहाँलाई सुन्न पनि नचाहेको घट्नालाई सोच्नुहोस्। के भन्ने भनेर थाहा नभएकोले नै के तपाईंले अरूलाई येशूको बारेमा नसुनाउनु भएको हो? यदि हो भने बाइबल गहिरिएर अध्ययन गर्नु र प्रभुसँग हिंड्नु कतिको महत्त्वपूर्ण रहेछ भनेर तपाईंले महशूस गर्नु पर्दछ।

४. केवल धार्मिक सेवाकार्यले मात्र मानिसको हृदय परिवर्तन गर्न सक्दैन भनेर यस अध्यायमा हामीले हेरेका थियौं। त्यो कुरा सत्य हो। फेरि त्यहि वखत हाम्रो चर्चमा हुने धार्मिक परम्परा र सेवाकार्य हाम्रो आस्थाको निम्ति किन महत्त्वपूर्ण छ? हामीहरूको चर्चमा हुने सेवाकार्यले आत्मिक पुनर्जागरण र सुधारियको जीवन अपनाउन कस्तो महत्तपूर्ण भूमिका खेल्न सक्दछ?

५. परमेश्वरको निम्ति मानिसहरूलाई गवाही दिन उहाँले नै हामीलाई परिचालित गर्नुभयो भने हामी किन अत्यन्त संतुष्ट भएको अनुभव गर्दछौं?